# गौरीशंकर गाउँपालिकाको १३ औँ गाउँ सभामा प्रस्तुत नीति तथा कार्यक्रम र बजेट वक्तव्य- २०८०/८१

गाउँ सभाका अध्यक्षज्यू,
गाउँ सभाका सदस्यज्यूहरु,

नेपालको संविधान जारी भई मुलुकमा सङ्घीयता प्राप्ति सँगै हाल संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार मार्फत शासकीय अभ्यास भैरहेको छ । स्थानीय सरकारको दोस्रो कार्यकालको लागि निर्वाचित भई हामी दोस्रो बर्षमा प्रवेश गरेका छौँ । नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहले आफ्नो आय र व्ययको अनुमान सहितको बजेट र नीति तथा कार्यक्रम असार १० गतेभित्र सभामा पेश गरी असार मसान्तभित्र पारित गर्नुपर्ने व्यवस्था बमोजिम आज म आ.ब. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट वक्तव्य पेश गर्न उपस्थित भएको छु । यो विशेष अवसरमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापनाको लागि भएका महान जनयुद्ध, जनआन्दोलन लगायत अन्य सङ्घर्ष र बलिदानका महान सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सहिद परिवार, घाइते, वेपत्ता तथा अपांगहरुलाई उच्च सम्मान व्यक्त गर्दछु ।

स्थानीय सरकारको दोस्रो कार्यकालको लागि निर्वाचित भई हामी दोस्रो बर्षमा कार्य गरिरहेका छौँ । दोस्रो कार्यकालको पहिलो बर्षमा सीमित स्रोत साधन, असिमित आवश्यकताकाबीच जनताको चाहाना अनुरुप सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन गर्न गौरीशंकर गाउँपालिकाले सशक्त ढंगले आफ्नो नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गरेको छ । चालु आ.ब.मा सम्बोधन हुन नसकेका र अधुरा रहेका विषयहरुलाई आगामी आर्थिक बर्षमा क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

राष्ट्रिय अर्थतन्त्रमा आएको संकुचन, संघीय र प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने अनुदान कटौती लगायतका आर्थिक क्षेत्रमा परेका असजह परिस्थितिकाबीच म आ.ब. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट पेश गर्न उपस्थित भएको छु ।

**अध्यक्षज्यू लगायत गाउँसभा सदस्यज्यूहरु,**

अब म आ.ब. २०८०/८१ को बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु

१) नेपालको संविधानले व्यवस्था गरेका मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु

२) नेपाल सरकारको विनियोजन ऐन, २०८० का प्राथमिकताहरु

३) नेपाल सरकारको आर्थिक बर्ष २०८०/८१ को बजेट बक्तव्य

४) बागमती प्रदेशको आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट बक्तव्य

५) नेपाल सरकारको आर्थिक ऐन, २०८०

६) स्थानीय सरकार सञ्चालन ऐनका प्राबधानहरु

७) स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४

८) विगत बर्षहरुमा गाउँ सभा र कार्यपालिकाबाट पारित निर्णयहरु

९) सरोकारवालाहरुबाट प्राप्त राय सुझावहरु

१०) स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय, सल्लाह र सुझाबहरु

११) लेखापरीक्षण प्रतिवेदनले औंल्याएका सुझावहरु

१२) दिगो विकासका लक्ष्यहरु

१३) नेपालको १५ औँ पञ्चबर्षीय योजना

१४) बागमती प्रदेशको पहिलो आवधिक योजना

**अध्यक्षज्यू लगायत गाउँसभा सदस्यज्यूहरु,**

**अब म आ.ब. २०७९/८० को संक्षिप्त प्रगति समिक्षा पेश गर्न चाहन्छु ।**

१. गाउँ कार्यपालिका कार्यालय, भोर्ले सेवा केन्द्र , ९ वटा वडा कार्यालय, १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ६ वटा स्वास्थ्य चौकी, २ वटा आधारभूत स्वास्थ्य केन्द्र, ८ वटा सामुदायिक स्वास्थ्य इकाईबाट हाल गाउँपालिकाको सेवा प्रवाह भैरहेको छ। चालु आ.व. २०७९/८० को साउनबाट वडा नं. ५ को भोर्लेमा सेवा केन्द्र स्थापना गरी प्रत्येक आइतबार र सोमबार भोर्ले सेवा केन्द्रबाट सेवा प्रवाह गरी सेवा प्रवाहलाई सरलीकरण गरिएको छ । भोर्ले सेवा केन्द्रबाट चालु आ.ब. मा करिब ४०० सेवाग्राहीले प्रत्यक्ष सेवा प्राप्त गरेका छन् ।

२. वडा नं. १ स्थित हुप्पा, वडा नं. ६ स्थित लुवाङ्सा र वडा नं. ८ स्थित छेसाखारेमा मा स्थापना गरिएको ३ वटा नयाँ सामुदायिक स्वास्थ्य इकाइबाट चालु आ.ब. मा करिब ३००० जनाले स्वास्थ्य सेवाको लाभ लिएका छन् ।

३. भौतिक पूर्वाधार अन्तर्गत गाउँपालिका प्रशासकीय भवन निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ भने भोर्लेबाट गाउँपालिका जाड्ने सडक ढलानको काम सुरुवात गरिएको छ। चालु आ.ब. मा उक्त सडक स्तरोन्नती गरिएको छ भने ४७० मिटर सडक  ढलान सम्पन्न भएको छ।

४. गाउँपालिकाको एम्बुलेन्स मार्फत १२० जना गर्भवती, सुत्केरी र अपांगलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ। स्वास्थ्य सेवालाई पहुँच योग्य बनाउन ८ वटा स्वास्थ्य शिविर संचालन गरिएको छ।

५. चालु आ.ब मा १ वटा नयाँ एम्बुलेन्स खरिद गरी स्वास्थ्य सेवालाई थप पहुँचयोग्य बनाइएको छ।

६. चालु आ.ब. मा १२ हजार जनालाई निशुल्क औषधीको पहुँच सुनिश्चित गरिएको छ ।

७. वर्षातको समयमा भएको अविरल बर्षाको कारण क्षती भएका २९ जनालाई  क्षतीपूर्ति स्वरुप राहत प्रदान गरिएको छ। यसैगरी विभिन्न रोगले ग्रसित भई उपचार गराइरहेका ६० जना नागरिकलाई आर्थिक सहायता उपलब्ध गराइएको छ।

८. यस गाउँपालिका अन्तर्गत गौरीशंकर गाउँपालिका कार्यालय, ९ वटै वडा कार्यालय, सबै स्वास्थ्य संस्था र सबै सामुदायिक विद्यालय तथा शैक्षिक संस्थामा फाइबर इन्टरनेट  जडान गरी इन्टरनेट सेवाको पहुँच सुनिश्चित गरिएको छ।

९. कृषि र पशुपन्छीको क्षेत्रमा गैरसरकारी संस्थासँगको साझेदारीमा कार्यक्रम संचालन गर्न साझेदारीमा कार्यक्रम संचालन कार्यविधि जारी गरी साझेदार संस्थासँग कार्यक्रम अगाडी बढाउन प्रक्रिया प्रारम्भ भएको छ।

१०. चालु आ.ब.मा कुल २,९५१ लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता घुम्ती शिविर मार्फत वडा स्तरमै गएर वितरण गरिएको छ।

११. गौरीशंकर गाउँपालिकाभित्रका सामुदायिक विद्यालयमा अध्ययन गरेका विपन्न तथा जेहेन्दार विद्यार्थीलाई एम.बि.बिएस, इन्जिनियर, कृषि तथा पशु चिकित्सक जस्ता प्राबिधिक दक्ष जनशक्ति उत्पादनको लागि ५४ जनालाई छात्रबृत्ति प्रदान गर्न छनोट गरिएको छ। चालु आ.ब. भित्रै उक्त छात्रबृत्ति वितरण सम्पन्न हुनेछ।

१२. हालसम्म यातायातको पहुँच नपुगेका विद्यालयमा नेपाल सरकारले उपलब्ध गराउँदै आएको दिवा खाजा अन्तर्गतको अनुदानमा प्रतिविद्यार्थी रु. १० का दरले थप गरी प्रदान गरिएको छ।

विद्यालयका प्रधानाध्यापकको मनोबल उच्च राख्दै अपेक्षित नतिजा हासिल गर्न नेपाल सरकारले उपलब्ध गराउँदै आएको प्र.अ. भत्तामा थप गरी प्रदान गरिएको छ ।

१३. वडा नं. ८ को खारे माध्यमिक विद्यालयको आवासमा बस्ने विद्यार्थीलाई निशुल्क ग्यास र चुलोको व्यवस्था गरिएको छ ।

१४. वडा नं. ७ स्थित हिमावर्ती माध्यमिक विद्यालयलाई आवशीय बनाउन थप व्यवस्थापन गरिएको छ ।

१५. चालु आब. मा ६ वटा विद्यालयमा विद्यालय घेराबार निर्माण सम्पन्न गरिएको छ ।

१६. गौरीशंकर गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड तथा अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन गरी युवा र खेल प्रेमी लक्षित कार्यक्रम संचालन गरिएको छ ।

१७. चालु आ.ब. मा जम्मा २३० योजना स्वीकृत भएकोमा ९५ प्रतिशत भौतिक प्रगति तथा ७० प्रतिशत वित्तीय प्रगति भएको छ ।

१८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालु आ.ब. मा १६७ जना सुचीकृत बेरोजगारहरुले १० हजार ६ सय ७ दिन रोजगारी दिइएको छ ।

१९ . स्थानीय न्यायिक समितिमा २५ वटा मुद्धा दर्ता भएकोमा २२ वटा मेलमिलाप केन्द्रबाट र २ वटा न्यायिक समितिबाट मेलमिलाप मार्फत विवाद समाधान भएको छ ।

२०. कृषिको व्यवसायीकरणको लागि उन्न्त बीउ, मल तथा प्रबिधि वितरणको व्यवस्था मिलाइएको छ ।

२१. वडा नं. १, ३ र ९ मा मौरी, वडा नं. १, ३ र ६ मा किवी, वडा नं. १, ७ र ९ मा बाख्रा पकेट स्थापना गरिएको छ ।

२२. वडा नं. ५ मा कुखुरापालक कृषकहरुलाई अनुदान दिई पंक्षी प्रबर्द्धन कार्यक्रम संचालन गरिएको छ ।

२३. फलफुल दशक विरुवा रोपण कार्यक्रम अन्तर्गत फलफुल विरुवा ५० प्रतिशत अनुदानमा ३५०० ओखर, १७०० किवी, ४५०० सुन्तला, २५०० कागती र २००० एभोकाडोको विरुवा रोपण गरिएको छ ।

**अध्यक्षज्यू लगायत गाउँसभा सदस्यज्यूहरु,**

अब म आ.व.२०८०/८१ को क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## पूर्वाधार विकास

पूर्वाधार निर्माण, योजना अनुगमन तथा मूल्यांकन

१. भोर्ले देखि गाउँपालिका कार्यालय सम्मको सडक स्तरोन्नती गर्दै पक्की सडक बनाउने कार्यलाई निरन्तरता दिइनेछ । आगामी आ.ब. संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको समपुरक लगानीमा रु. ४ करोड ४० लाख बजेट व्यवस्थापन गरी सडक स्तरोन्ती गरिनेछ ।

२. सिताको थान देखि गाउँपालिका हुँदै चंखु, मार्बु र खारे जोड्ने सडकलाई गाउँपालिकाको मुख्य रणनीतिक सडकको रुपमा लिँदै यसको स्तरोन्नती र कालोपत्रे गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।

३. एक वडा एक मुख्य सडकको रुपमा गैरी दहबारी सडक, लुकुवा राजपु चेत्पु हुप्प सडक, पिखुती निलकण्ठेश्वर सडक , पिखुती मानेडाँडा सडक, भोर्ले-मार्बु सडक, जामुने कसेरी छेसाखारे सडक, जगतफेदी टासीनाम सिमीगाउँ सडक, गुरुम्फी-चंखु सडक, मार्बु चंखु हुँदै गाउँपालिका सम्म जोड्ने सडकलाई थप स्तरोन्नती गरी सहज रुपमा यातायत संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ । पर्यटनको लागि पूर्वाधार भन्ने मूल नारा सहित पर्यटन पूर्वाधारको रुपमा पिखुती हनुमन्ते सडक, भोर्ले पालिका सुरीडाँडा हुँदै चेर्दुङ जोड्ने सडक,  मानेडाँडा सेराकाप्ती हुँदै जिरी जोड्ने सडक, जयन्तिपुर हुलाक कोयाङ भन्ज्याङ हुँदै श्यामा जोड्ने सडक, खारे सोथली पर्यटन सडक लगायत पूर्वाधार निर्माण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

४. खानेपानी सहज आपूर्तिको लागि एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिइनेछ । खानेपानी र सिंचाई पूर्वाधारको विकास गर्न खानेपानी र सिंचाई सम्भाव्यता अध्ययन गरिनेछ। खानेपानी र सिंचाई पूर्वाधार निर्माणको लागि संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

५. चालु बर्ष गाउँपालिका प्रमुख प्रशासकीय भवन निर्माण सम्पन्न गरिनेछ । निर्माण हुन बाँकी वडा कार्यालय भवन निर्माण सम्पन्न गरिनेछ ।

६. निर्माण भैसकेका सडकको नियमित मर्मत संभार तथा स्तरोन्नतीको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

७. गाउँपालिकाको पञ्चबर्षीय आवधिक योजनालाई अन्तिम रुप दिई कार्यान्वयनमा ल्याइनेछ ।

८. योजना सम्झौता र कार्यान्वयनलाई सहज बनाउन योजना घुम्ती शिविरलाई निरन्तरता दिइनेछ। योजना अनुगमन र मूल्यांकन प्रणालीलाई थप गुणस्तरीय र व्यवस्थित बनाइनेछ ।

## आर्थिक विकास

कृषि तथा पशुपंक्षी तर्फ

१. कृषिको व्यवसायीकरण विविधीकरण एबम् विकासको लागि कृषकहरुलाई उत्पादनमा आधरित प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ । दुध, मासुजन्य उत्पादन र तरकारीमा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

२. **गौरीशंकरको पहिचान, स्थानीय बाली प्रबर्द्धन हामो अभियान** भन्ने मूल नारा सहित गाउँपालिकाभित्र उच्च सम्भावना भएका कृषि उत्पादनहरु आलु, किबी, मह र कोदो लगायत स्थानीय रैथाने बालीको प्रशोधन, प्याकेजिङ र ब्रान्डिङ गरी बजारीकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

३. बाखा पालन, चौरीपालन, भेडापालन , गाईपालन , भैँसीपालन, लोकल कुखुरा पालन, टर्की पालन, कालिज पालन लगायतका अन्य पशु तथा पंक्षीपालन व्यवसायलाई व्यवसायिक रुपमा संचालन गर्न अनुदान तथा प्रोत्साहनको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४. गुणस्तरीय बिउ उत्पादनमा आत्मनिर्भर भै अन्य जिल्लाहरुमा समेत निर्यातको लागि प्रोत्साहनको कार्यक्रम संचालन गरिनेछ । जसको लागि बिउ बिजन उत्पादन र बिक्रि वितरण गर्न इच्छुक कृषि सहकारी र कृषक समूहहरुलाई इजाजत प्रदान गर्न सहजीकरण र प्रोत्साहन गरिनेछ ।

५. गाउँपालिकाभित्र वाहिरी जिल्लाबाट आउने महंगो तरकारीको आयात प्रतिष्थापन गर्न मौसमी तथा बेमौसमी तरकारी उत्पादनमा कृषकहरुलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।

६. पर्यावरण तथा माटो अनुकुलन हुने किसिमका र उत्पादन एबं बजार व्यवस्थापनको आधारमा बाली बस्तु छनोट गरी प्रत्येक वडामा कम्तीमा १ र बढीमा ३ वटा पकेटहरुको विकास गरिनेछ । स्थानीय माटोको गुणस्तर थाहा पाउन घुम्ती माटो परीक्षण शिविर संचालन गरिनेछ ।

७. युवा, महिला, दलित र सिमान्तकृत बर्गका कृषकहरुलाई आकर्षण गर्न कृषिजन्य बस्तु उत्पादन लागत कम गर्ने, यान्त्रिकरण, साना सिंचाई, प्लाष्टिक पोखरी निर्माण, ढुवानी, प्याकेजिङ, ग्रेडिङ आदिमा अनुदान दिइनेछ ।

८. न्यून आय भएका कृषकहरुलाई कृषिबाट जिविकोपार्जन तथा पारिवारिक पोषणमा सुधार गरिनेछ ।

९. कृषि सहकारी संस्थालाई क्षमता अभिबृद्धि लगायतका विषयमा तालिम प्रदान गरी कृषि पेशाबाट रोजगारी अभिबृद्धिको माध्यममा विकास गरिनेछ ।

१०. कृषकको परम्परागत ज्ञान तथा सीपलाई कदर गर्दै कृषकको क्षमता विकास गरी कृषि पेशालाई मर्यादित तथा सम्मानजनक पेशामा रुपान्तरण गर्न उत्कृष्ट कृषक पुरस्कार, कृषक तालिम, अन्तर जिल्ला कृषक भ्रमण तथा अन्य प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिनेछ । कृषिको व्यवसायिकरण गर्दा भौगोलिक, जातीय, बर्गीय तथा लैगिंक समावेशीकरणको नीति लिइनेछ ।

११. अर्गानिक बाली बस्तुको उत्पादन बृद्धि गर्न रासायनिक घातक/ विषादीको प्रयोगमा कमी ल्याउन जनचेतना अभिबृद्धिका कार्यक्रम संचालन गरिनेछ । जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न करार खेती, सामुहिक खेती प्रणालीमा जोड दिइनेछ । गाउँपालिकाभित्र कृषि संकलन केन्द्र स्थापनालाई प्रोत्साहन गरिनेछ ।

## पर्यटन प्रबर्द्धन तथा साँस्कृतिक संरक्षण

१. गाउँपालिकाको पर्यटकीय सम्भावना बोकेका क्षेत्रको नक्साङ्कन गरी पर्यटन प्रचारप्रसार र सूचना प्रणालीलाई व्यवस्थित गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२. च्छोरोल्पा हिमताल, दुधकुण्ड, दुधपोखरी, पाँचपोखरी, जटापोखरी, चेर्दुङ, सोथली, हनुमन्ते लगायतको पर्यटकीय गन्तब्यमा जाने पैदल मार्गको स्तरबृद्धिको लागि आवश्यक पहल र व्यवस्था मिलाइनेछ ।

३. पर्यटन पदयात्राको लागि पदमार्गहरुको सम्भाव्यता अध्ययनको कार्य सुरुवात गरिनेछ । पुरा पदमार्गहरुको स्तरोन्नतीको लागि संघीय  र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

४. पर्यटनलाई स्वरोजगारसँग आबद्ध गर्न पर्यटन पूर्वाधार विकासलाई प्राथमिकता दिईनेछ ।

५. आदिबासी, जनजाती लगायतका वर्गको भाषा, लिपी, बाजागाजा, रितीरिवाज, परम्परा, सँस्कृति आदिको संरक्षण एबम् प्रबर्द्धनको लागि आवश्यक व्यवस्था मिलाइनेछ गाउँपालिकाभित्र रहेका धार्मिक स्थलहरुको संरक्षण र सम्बर्द्धन गरिनेछ ।

६. हनुमन्ते, च्छोरोल्पा हिमताल, गौरीशंकर हिमाल लगायतका पर्यटकीय क्षेत्रको प्रचार प्रसार गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउन आवश्यक व्यवस्था मिलाइनेछ ।

७. खारे सोथली च्छोराल्पा पदमार्गको नक्साङ्कन तथा प्रचार प्रसार गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

सहकारी तथा गरिबी निवारण

१. सहकारीलाई आर्थिक विकास सँग जोड्न गाउँपालिकाभित्र रहेका सहकारीलाई थप नियमन गरी कृषि उत्पादन र बजारीकरणसँग आबद्ध गरिनेछ ।

२. सहकारी संस्थाहरुको संस्थागत क्षमता सबलीकरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

श्रम र रोजगार

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप योगदान पुग्ने गरी गौरीशंकर रोजगार कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

२. युवा स्वरोजगार कार्यक्रमलाई प्रबर्द्धन गर्न व्यवसायिक तालिममा जोड दिइनेछ ।

३. आगामी आ.ब. मा रोजगार रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

४. गाँउपालिका भित्र संचालन हुने निजी, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु द्वारा संचालित विभिन्न योजना तथा आयोजनाहरुसंग सहकार्य गरि बेरोजगारी समस्या समधान गर्न पहल गरिनेछ । निजी तथा गैरसरकारी संस्थाहरुसंगको सहकार्यमा सीप विकास तथा रोजगार कार्यक्रम संचालन गरिनेछ । उत्पादन संग प्रत्यक्ष जोडिने रोजगार र उद्यमशिलता सम्बन्धित संस्था, कोष तथा कार्यक्रमहरुलाई एकिकृत गरिनेछ ।

५ कृषीजन्य, जडिबुटिजन्य, पशुजन्य उत्पादनमा व्यवसायीहरुको ध्यान आकृष्ट गरि रोजगारीको अवस्था सृजना गर्न पहल गरिनेछ ।

## **सामाजिक विकास**

### **शिक्षा युवा तथा खेलकुद तर्फ**

१. गाउँपालिका भित्र प्राबिधिक जनशक्ति उत्पादन गर्न छात्रबृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. गौरीशंकर गाउँपालिकाभित्रका माध्यमिक विद्यालयलाई आवसीय बनाउने कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

३. यातायातको पहुँच नपुगेका तथा भौगोलिक रुपमा विकट  विद्यालयमा नेपाल सरकारले उपलब्ध गराउँदै आएको दिवा खाजा अन्तर्गतको अनुदानमा प्रतिविद्यार्थी रु. १० का दरले थप गरी प्रदान गर्ने कार्यक्रम थप विस्तार गरिनेछ ।

४. पालिकाभित्रका विद्यालय उमेर समूहका सबै बालबालिका विद्यालय शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता कायम गरिनेछ ।

५. **मेरो विद्यालय म बनाउँछु** कार्यक्रम मार्फत विद्यालयको सिकाई उपलब्धी बृद्धि गर्न प्रधानाध्यापक सँग कार्यसम्पादन सम्झौता गरिनेछ । साथै कार्यसम्पादनमा उत्कृष्ठ विद्यालयलाई थप अनुदानको व्यवस्था मिलाइनेछ ।

६. भुगोल, विद्यार्थी संख्या र शिक्षकको संख्याको आधारमा विद्यालय मर्ज गर्ने व्यवस्था मिलाइनेछ ।

७. सामुदायिक विद्यालयका प्र.अ.हरुलाई प्रोत्साहन गर्न प्रदान गरिएको थप प्र.अ. भत्तालाई निरन्तरता दिइनेछ ।

८. विद्यार्थी र शिक्षकहरुको प्रतिभा प्रष्फुटन गर्न पालिकास्तरीय स्काउट, विभिन्न अतिरिक्त क्रियाकलाप , विज्ञान गणित प्रदर्शनी, रेडक्रस जस्ता कार्यक्रम संचालन गरिनेछ ।

९. प्रधानाध्यापक, शिक्षक कर्मचारीको क्षमता विकास गर्न  आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१०. सबै शैक्षिक संस्थालाई सूचना संचार प्रबिधि मैत्री बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

११. शैक्षिक शत्र २०८० बाट कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम लागु गरिनेछ ।

१२. कार्यसम्पादनमा उत्कृष्ठ विद्यालय ,कक्षा ८ र SEE मा उत्कृष्ठ नतिजा हासिल गर्ने विद्यार्थी तथा शिक्षकलाई पुरस्कार तथा सम्मान कार्यक्रम संचालन गरिनेछ ।

१३. निवृत्तीभरण प्राप्त शिक्षकहरुको लागि शैक्षिक अवकाश योजना संचालन गरिनेछ ।

१४. बहुकक्षा बहुस्तर विधिबाट शिक्षण भएका १३ वटा विद्यालयहरुको शैक्षिक गुणस्तर अभिबृद्धि भएकाले पालिकाभित्र बहुकक्षा बहुस्तर MGML संचालित विद्यालयको लागि प्रोत्साहनको व्यवस्था मिलाइनेछ । साथै आवश्यकताको आधारमा उक्त कार्यक्रमलाई थप विस्तार गरिनेछ ।

१५. ज्ञान र अनुभवको साटासाट गरी शैक्षिक उपलब्धी अभिबृद्धि गर्न प्र.अ. तथा शिक्षकहरुको लागि अन्तरविद्यालय तथा नमुना विद्यालय अध्ययन भ्रमणको व्यवस्था मिलाइनेछ ।

१६. सुत्केरी लगायत लामो बिदाबाट पर्ने शैक्षिक क्षतीको परिपूर्तिको लागि पालिकामा घुम्ती शिक्षकको व्यवस्था मिलाइनेछ ।

१७. यूवाहरुको क्षमता विकास तथा नेतृत्व विकासको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ । अध्यक्ष कप खेलकुद प्रतियोगिता, राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता जस्ता खेलकुद कार्यक्रम संचालन गरिनेछ ।

१८. पालिका स्तरीय र वडा स्तरीय खेल पूर्वाधारको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१९. पालिका स्तरीय युवा संजालको निर्माण गरी क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण

१. बालमैत्री स्थानीय शासनको अवधारणालाई आत्मसात गर्दै बालमैत्री गाउँपालिका घोषणा गर्न प्रक्रिया सुरुवात गरिनेछ । लैंगिक हिंसा न्यूनीकरणको लागि लैंगिक हिंसा निवारण कोषलाई क्रियाशील गराइ हिंसा पीडितको उद्धार, पुर्नस्थापना तथा उचित राहतको व्यवस्था मिलाइनेछ। महिलाहरुको क्षमता विकासका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२. गौरीशंकर गाउँपालिका क्षेत्र भित्र रहेका अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका, एकल महिला र पिछडिएको वर्गको सशक्तिकरणको लागि कार्यक्रम संचालन गरिनेछ ।

३. बाल अधिकार, महिला अधिकार लगायत लक्षित बर्गको अधिकारको सम्बन्धमा कर्मचारी, जनप्रतिनिधी तथा सरोकारवाला र विभिन्न संघ संस्था बीच अन्तरक्रिया गरी सशक्तिकरणको कार्यक्रम संचालन गरिनेछ ।

४. बजेटका सबै क्षेत्रमा लैंगिक पहुँच, समानता र समता सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

५. महिलाहरुको लागि मागमा आधरित उद्यमशीलता तालिमलाई निरन्तरता दिइनेछ ।

६. गाउँपालिकाभित्र संचालित योजना तथा कार्यक्रमहरुलाई लैगिंग उत्तरदायी बनाइनेछ । साथै लैगिंक उत्तरुदायी बजेट परीक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

७. गाउँपालिका र मातहतका निकायमा स्तनपान कक्षको व्यवस्था गरिनेछ ।

८. बालविवाह, छुवाछुत, जातीय भेदभाव लगायत अन्य सामाजिक बेतिथिको अन्त्य गर्न विद्यालय लगायत सामाजिक संघ संस्थाहरुलाई सक्रिय बनाई सचेतनामूलक कार्यक्रहरु संचालन गरिनेछ ।

९. आमाबाबु बिहिन बालबालिकाको संरक्षणको लागि कार्यक्रम संचालन गरिनेछ ।

## स्वास्थ्य तथा पोषण

१. पालिकाभित्रका प्रेषण गर्नुपर्ने गर्भवती महिला र क बर्गको अपांगको लागि प्रदान गरिएको निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

२. घुम्ती शिविर मार्फत प्रत्येक वडामा डाक्टर सहितको स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिनेछ । वडा नं. ५ को भोर्लेबाट स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

३. मुटुरोग, क्यान्सर, मृगौला डायलोसिस लगायत गम्भीर प्रकृतिका रोगीलाई उपचारको लागि आर्थिक सहायताको कार्यक्रमलाई निरन्तरता दिइनेछ । सुत्केरी भेटघाट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४.स्वास्थ्य संस्थामा पाईने निशुल्क तथा अत्यावश्यक औषधीलाई वर्षभरी नै सहज रुपमा उपलब्ध हुने गरी व्यवस्थापन गरिनेछ । विभिन्न संघ संस्था सँगको साझेदारीमा स्वास्थ्य शिविर संचालन गरिनेछ ।

५. भौगोलिक रुपले  स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेको वडा नं. २ को गैरी तथा अन्य स्थानमा सामुदायिक स्वास्थ्य इकाई  संचालन गरी स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

६. गर्भवती तथा सुत्केरी आमाको पोषण अवस्थालाई मध्यनजर पोषण कार्यक्रमको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

७. पालिकाबासी जनताको स्वास्थ्य जोखिम र संवेदनशीलतालाई मध्यनजर गरी स्वास्थ्य बिमा कार्यक्रमलाई  थप विस्तार गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

८. स्वास्थ्य संस्थामा  प्रयोगशाला सेवा विस्तार गरी गुणस्तर  र क्षमता विस्तार गरिनेछ ।

## वातावरण तथा विपद व्यवस्थापन

१. विपद व्यवस्थापनको पूर्वतयारी, राहत, उद्धार तथा पुर्नस्थापनाको लागि आवश्यक व्यवस्था मिलाइनेछ । विपद जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन गरिनेछ ।

२. गाउँपालिकाबाट संचालन हुने ठुला आयोजनाहरुको संचालन गर्दा वातावरणीय प्रभाव मूल्यांकन गर्ने नीति लिईनेछ । वातावरणमैत्री पूर्वाधार निर्माणलाई आत्मसात गरिनेछ

३. गाउँपालिकाभित्र रहेका  जडिबुटि तथा बनस्पतिहरुको पहिचान, संरक्षण संवर्द्धन गर्दै यसलाई आयआर्जनसँग आबद्ध गर्न आवश्यक नीति लिइनेछ ।

४. पिखुती, बगुवा, वानटार, झाङराली, भोर्ले, सुरीदोबान, गुरुम्फी, जामुने, फेदी लगायत नदी तटीय क्षेत्रको संरक्षणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

५. विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गर्दै विपद व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

६. जलवायु परिवर्तन अनुकुलन तथा गाउँपालिका स्तरीय विपद प्रतिकार्य योजना तर्जुमा गरी लागु गरिनेछ ।

७. विपद व्यवस्थापनको लागि प्रदेश तथा संघीय सरकार, अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी विपद जोखिम न्यूनीकरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

## संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन

### शासकीय प्रवन्ध र सेवा प्रवाह

१. गाउँपालिकाबाट प्रदान गर्ने सेवालाई पारदर्शी, जवाफदेशी, मितव्ययी, सरल र सहज बनाउन आवश्यक व्यवस्था मिलाइनेछ । रिक्त रहेको पदमा पदपूर्तिको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२. जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास तालिम संचालन गरिनेछ ।

३. कर्मचारीहरुलाई काम प्रति उत्प्रेरित गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

४. योजनाहरुमा पारदर्शिता, जवाफदेहीता कायम गर्न सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणलाई थप व्यवस्थित बनाइनेछ ।

५. कर्मचारी व्यवस्थापनलाई प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण ( O&M) गरिनेछ ।

६. संघीय र प्रदेश कानूनको अधीनमा रही स्थानीय सेवाको शर्त सम्बन्धी कानून तर्जुमा गरिनेछ ।

७. व्यक्तिगत घटना दर्ता कार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन ३५ दिनभित्र जन्म र मृत्यु दर्ता गराउनेलाई नगद प्रोत्साहनको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

८. खोप, भिटामिन वितरण, स्वास्थ्य शिविर, कृषि पशु सम्बन्धी सेवा, व्यक्तिगत घटना दर्ता, जेष्ठ नागरिक परिचयपत्र, अपांग परिचय पत्र लगायतका सेवा प्रवाहका लागि एकीकृत घुम्ती शिविर सञ्चालन गरिनेछ ।

९. छिमेकी पालिका तथा संघ संस्थाहरुसँगको समन्वय र सहकार्यमा साझा लाभ हुने योजनाहरु साझेदारीमा सञ्चालन गरिनेछ ।

१०. गाउँपालिका भित्र नियमित बजार अनुगमन गरी कालोबजारी नियन्त्रण तथा अखाद्य र म्याद नाघेको वस्तुको नियमन गरिनेछ ।

११. गाउँपालिकामा निजी क्षेत्रको लगानी भित्र्याउन निजी लगानीकर्तालाई गाउँपालिकाले लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।

१२. गाउँपालिकाको डिजिटल प्रोपाइल निर्माण गरी सबै घरधुरी र पालिका बासीको व्यक्तिगत विवरण अद्यावधिक गरिनेछ ।

१३. गाउँपालिकाभित्रका जलविद्युत आयोजनाहरुबाट रोयल्टी प्राप्त गर्न आवश्यक पहल गरिनेछ ।

१४. आन्तरिक राजश्व बृद्धिका लागि करका दायराबारे अध्ययन गरिनेछ ।

१५. बजारउन्मुख क्षेत्रमा हाटबजार व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

## कानुन, न्याय निरुपण तथा मेलमिलाप

१. न्यायिक समितिबाट हुने न्यायिक निरुपणलाई सर्वसुलभ र छिटो छरितो रुपमा सम्पादन गरी थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।

२. न्यायिक समिति र वडा स्तरीय मेलमिलाप कर्ताहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ । मेलमिलाप केन्द्रको संस्थागत सुदृढीकरणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

३. नेपालको संविधानले स्थानीय तहको अधिकार अन्तर्गत अनुसूचीमा व्यवस्था गरेका विषयसँग निर्माण गर्नपर्ने थप कानूनहरुको तर्जुमा गरिनेछ ।

४. सुचीकृत मेलमिलापकर्ताहरुलाई सम्बन्धित कार्यक्षेत्रमा मेलमिलापको कार्य गराए वापत प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५. सहिद परिवार भेटघाट तथा सम्मानको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

## सूचना प्रविधी तथा सञ्चार

१. पालिकाभित्र संचालित सबै सामुदायिक विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय लगायतका सार्वजनिक निकायमा इन्टरनेट सुविधाको पहुँच सुनिश्चित गरिनेछ । नेपाल टेलिकमको नेटवर्क नआउँदा सञ्चार पहुँचबाट स्थानीय बञ्चित हुन परेकोले नेपाल टेलिकमसँग समन्वय गरी संचार पहुँचको सुनिश्चितता गर्न पहल गरिनेछ ।

२. गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह गरिने सेवाहरुलाई क्रमशः डिजिटलाइज गरिनेछ । गाउँपालिका अन्तर्गत वडा कार्यालय र स्वास्थ्य संस्थाहरुमा सिसि क्यामेरा जडान गरिनेछ ।

अन्त्यमा प्रस्तुत नीति तथा कार्यक्रम गौरीशंकर गाउँपालिकाको सर्वपक्षीय विकासको लागि महत्वपूर्ण हुने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नुहुन सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी लगायत गाउँपालिकाबासीमा हार्दिक अनुरोध गर्न चाहन्छु । साथै गाउँपालिकाको समग्र विकासमा महत्वपुर्ण योगदान पुऱ्याउनुहुने प्रतिनिधि सभा सदस्य मानीय गंगा कार्की ( विश्व) ज्यू, बागमती प्रदेश सभा सदस्य माननीय कुन्दन काफ्लेज्यू लगायत प्रदेश सभा सदस्यज्यूहरु, पूर्वजनप्रतिनिधिज्यूहरु लगायत विभिन्न राजनैतिक दल, गाउँपालिका अर्न्तगतका सम्पूर्ण कर्मचारी , सरकारी तथा गैह्र सरकारी संघ संस्थाहरु, नागरिक समाज, आम संचार माध्यमहरु तथा सम्पूर्ण गौरीशंकर गाउँपालिकाबासीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु। यहाँहरुले गाउँपालिकाको विकास र सेवा प्रवाहको लागि गर्नुभएको पहल र सहकार्यको उच्च कदर गर्दै आ.ब. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनमा समेत यहाँहरुको सहयोग हुने अपेक्षा सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यबाद**

**श्याम सुन्दर तमाङ**
**उपाध्यक्ष**